यो संसार अस्थायी सुख हो, र संसारको सबैभन्दा राम्रो सुख धर्मपरायण स्त्री हो।

अब्दुल्लाह बिन अम्र (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु
अलैहि वसल्लम) ले भन्नुभएको छ : "यो संसार अस्थायी सुख हो, र संसारको सबैभन्दा राम्रो सुख धर्मपरायण स्त्री हो।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भएको छ, संसार र यसमा भएका सबै चीजहरू वास्तवमा लाभदायक साथै अस्थायी सुख हो, त्यसपछि यसको अन्त्य हुन्छ । यस संसारमा सबैभन्दा राम्रो सुख धर्मपरायण नारी हो । जब उसको पतिले उसलाई हेर्छ तब उसलाई खुसी तुल्याउँछे, जब उसले आदेश दिन्छ तब उसले पालन गर्छे, जब उसलाई छोडेर कतै जान्छ, उसले आफ्नो र आफ्नो पतिको सम्पत्तिको रक्षा गर्छे ।

http://sunnah.global/hadeeth/ne/show/5794